# घरेलु हिंसा र महिलास्वास्थ्य

महिला शारीरिक हिंसामा पर्दा उनलाई चोटपटक लाग्ने, हाड भाँचिने, शरीरको भित्री अङ्गमा चोट लाग्ने, गर्भवती भए गर्भ तुहिने, रगत बग्ने आदि हुन्छ । कहिलेकाहीँ महिलाको प्राणसमेत जान्छ। त्यतिमात्र होइन कुटपिटको शिकार हुने महिला मानसिक रूपले पनि कमजोर र रोगी हुन पुग्दछन् । जीवनमा नैराश्यको भावना आउने, कसैसँग नबोली एकान्तमा बस्न मन लाग्ने, रोइरहने, निद्रा नलाग्ने, सबैसँग रिस उठ्ने, कसैसँग नमिल्ने स्थितिको सिर्जना हुने, कसैमाथि विश्वास नहुने, मर्न मन लाग्ने भावनाको विकास हुने हुन्छ। यस्तो हुनु भनेको अस्वस्थ हुनु हो । महिला अस्वस्थ हुँदा घर, परिवार, समाज र देश नै अस्वस्थ हुन पुग्दछ । यसरी हिंसाबाट पीडित महिलाको उत्पादनशील भूमिका, प्रजननशील भूमिका आदि सबैमा ह्रास आउँछ । त्यसका साथै बिरामी व्यक्तिको भार घरपरिवार र समाजले बोक्नुपर्दछ । उसलाई विशेष र पटकपटक स्वास्थ्य सेवाको आवश्यकता हुन्छ । यसको जिम्मेवारी राष्ट्रले उठाउनुपर्दछ। यसको असर राज्यको आर्थिक क्षेत्रमा पनि पर्दछ ।



कुटपिटपश्चात् उब्जने स्वास्थ्यसमस्या र त्यो स्वास्थ्यसमस्याले गर्दा उत्पादनमा ह्रास हुनु, सामाजिक सामञ्जस्यमा कमी हुनु, घरभित्रको अशान्ति एवम् त्यसबाट घरपरिवार र अझ बालबालिकामाथि पर्ने असर आदि सबैलाई नियालेर हेर्‍यौं भने यो साह्रै ठूलो समस्याका रूपमा देखिन्छ । यसबाट उब्जने कतिपय समस्याहरू पैसा खर्च गरी निको होलान् ।

तर कतिपय समस्याहरू जति पैसा खर्च गरे पनि निको हुँदैनन्। यसले जनस्वास्थ्यमा ठुलो असर पार्दछ । यस्तो विकराल समस्याको समाधान भने एकदमै सजिलो एवम् बेखर्चिलो छ त्यो हो- महिलालाई हेर्ने दृष्टिकोणमा फरक ल्याउने, महिलालाई कदर गर्ने, महिलामाथि गरिने हिंसा अपराध हो भन्ने सामाजिक मान्यताको स्थापना गर्ने तथा पीडा दिने व्यक्तिलाई सजाय दिने चलनको विकास गर्ने साथै आफ्नो घर, परिवार, समाजबाट नै महिलामाथि हुने हिंसालाई हटाउने सङ्कल्प एवम् अभियानको थालनी गर्ने।



**यसै गरी महिलामाथि हुने अर्को हिंसा हो महिलाको इच्छाविपरीत राखिने यौनसम्पर्क ।** यौनभावना सबै व्यक्तिमा हुन्छ। एकअर्कामा माया, प्रेम भएमा यौनसम्पर्क पनि हुन्छ जुन प्रजनन कार्यका लागि जरुरी हुन्छ । यसद्वारा नै हाम्रो संसार चल्छ । तर यौनसम्पर्क कसैको इच्छाविपरीत भएमा त्यसलाई बलात्कार भनिन्छ । बलात्कार अपराध हो । यो कसैले पनि कसैमाथि गर्न पाइँदैन । यसरी कसैमाथि कसैले बलात्कार गरेमा त्यो व्यक्ति गम्भीर सजायको भागी हुन्छ । हाम्रो समाजमा महिलालाई आफ्नो सम्पत्तिका रूपमा हेर्ने प्रचलन छ। विवाहिता महिलालाई उसको श्रीमान्को सम्पत्तिको रूपमा हेरिन्छ। विवाहिता महिलाले आफ्नो श्रीमान्ले भनेको जस्तो गर्नुपर्दछ भन्ने मान्यता छ । फलस्वरूप विवाहिता महिलाको इच्छाका बारेमा श्रीमान्ले विचारसमेत गर्दैन । महिलालाई इच्छा नलागे पनि उसँग यौनसर्म्पक राख्नु पुरुषले आफ्नो अधिकार सम्झन्छन् । पुरुषले महिलाको शरीर र यौनलाई आफ्नो नियन्त्रणमा राख्न चाहन्छ। फलस्वरूप महिलाको इच्छा नभए पनि उसलाई यौन सम्पर्क गर्न बाध्य गराउँछ। यसले महिलालाई शारीरिक र मानसिक दुवै रूपले गहिरो असर पार्दछ । यसरी विवाहित जीवनमा पनि महिलाको इच्छाविपरीत उनलाई यौनसम्पर्क राख्न बाध्य गराइन्छ भने यो कार्यलाई “वैवाहिक जीवनभित्रको बलात्कार” भनिन्छ । यसले महिलाको शारीरिक र मानसिक दुवै किसिमको

स्वास्थ्यमा असर पार्दछ। यी असरहरू निम्नानुसार हुन सक्दछन् :

**शारीरिक** : जबरजस्ती यौनसम्पर्क राख्दा महिलाको भित्री अङ्गहरू जस्तै योनिद्वार र पाठेघरको मुखमा घाउ हुने, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने इत्यादि हुन सक्दछ । यसरी जबरजस्ती यौनसम्पर्कबाट इच्छा नहुँदानहुँदै पनि गर्भ रहन सक्दछ जसले महिलालाई शारीरिक र मानसिक दुवै किसिमले असर पार्दछ । अनिच्छित गर्भबाट जन्मने बच्चालाई पनि असर पार्दछ ।

**मानसिक** : आफ्नो इच्छाविपरीत जबरजस्ती यौनसम्पर्क राख्न बाध्य हुँदा विभिन्न किसिमका मानसिक समस्याहरू जस्तै हीनभावना, आत्मबलमा कमी, आफू वस्तुका रूपमा प्रयोग भइरहेको भावना, नैराश्य, उदासीनता, चिडचिडाहटपन जस्ता विभिन्न खाले मानसिक समस्याहरू उत्पन्न हुन सक्दछन् । यसले पनि कुटपिटबाट हुने समस्यामा उल्लेख गरेझैँ आर्थिक उत्पादन, सामाजिक तथा पारिवारिक सामन्जस्य, बालबालिकाको मानसिक विकास आदि सबैमा ठुलो असर पार्दछ । सबभन्दा महत्त्वपूर्ण कुरा यस्तो स्थितिमा महिलाको मानवअधिकारको हनन हुन्छ । उनको आत्मविश्वासमा कमी आउँछ ।

**यस किसिमका समस्याहरूको समाधान महिला र पुरुषले एकअर्कालाई आदर एवम् माया, प्रेम र इच्छाको कदर गरेर हुन्छ । यसले माथि लेखिएका समस्याबाट मुक्ति दिनुका साथै सामाजिक न्याय पनि स्थापित गर्दछ । त्यसैले यस किसिमको सामाजिक न्याय एवम् महिला अधिकारको स्थापना गर्न हामी सबैले आफ्नो व्यवहार र दृष्टिकोणमा परिवर्तन ल्याउनुपर्दछ ।**